# चन्द्रवदन कथाको पाठपरक विश्लेषण

■ डा. भुवन न्यौपाने*
dr.bhubanneupane@gmail.com

**सार**

चन्द्रवदन कथाको पाठपरक विश्लेषण शीर्षकको यस लेखमा समाख्यानात्मक पाठको विधागत सङ्गठनका साथै संसक्ति र संयुक्तिका आधारमा पाठको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको अध्ययन भएकाले पुस्तकालयीय सामग्रीको सङ्कलन र अध्ययन गरिएको छ । खास गरेर संरचनात्मक तथा प्रकार्यपरक दृष्टिले समाख्यानको स्थूल र सूक्ष्म विषयको अध्ययन गरिएको छ । यस लेखमा कथाकी प्रमुख पात्र चन्द्रवदनका संज्ञान, संवेदना र अवधारणालाई महत्त्व दिई नारी पात्रकै मानसिक क्रियाव्यापार, प्रक्रिया र वृत्तिलाई पाठीय तत्त्वका आधारमा अध्ययन गर्नुका साथै व्यक्तिका मानसिक क्रियाव्यापार, प्रक्रिया र वृत्तिलाई जनाउने शब्दको पुनःकथनात्मक तथा साहचर्यात्मक संसक्ति तथा पाठीय एकाइको सुदृढीकरणका लागि प्रयुक्त व्याकरणिक संसक्तिले कथामा कस्तो प्रकार्य गरेको छ भन्ने कुराको खोजी पनि यस लेखमा गरिएको छ । यौनको विषयसँग सम्बन्धित मनोवैज्ञानिक यथार्थवादलाई शिष्ट र सौम्य तरिकाले प्रस्तुत गर्दै झिनो घटनालाई व्यतिक्रमिक शिल्प शैलीका साथ प्रयोग गरेकै कारण यस कथाबाट नेपाली कथामा आधुनिकताको प्रारम्भ भएको हो । फ्रायडवादी मान्यताका धरातलमा शिल्प शैलीगत विशिष्टता भएको विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' कथाबाट नै नेपाली कथामा आधुनिकताको प्रारम्भ भएको हो । अतः यस कथाको पाठपरक सङ्गठनमा देखिएको वस्तुशैलीगत विशिष्टताका कारण यो कथा पहिलो आधुनिक कथा हो भन्ने निष्कर्षलाई यस लेखमा प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी** : सङ्कथन, मनोविश्लेषण, क्षेत्र, सहभागी, माध्यम, सन्दर्भ, संसक्ति ।

## १. विषयपरिचय

*दोषी चस्मा* र *श्वेतभैरवी* कथासङ्ग्रहका कथाकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं.१९७१-२०३९) मूलतः नेपाली साहित्यमा मनोविश्लेषणको प्रवर्तन गर्ने कथाकार हुन् । वि.सं.१९९२ को 'शारदा' पत्रिकामा प्रकाशित 'चन्द्रवदन' कथाबाट नेपाली साहित्यमा मनोविश्लेषणात्मक कथा लेखनको

* न्यौपाने नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौँमा प्राध्यापनरत हुनुहुन्छ ।

प्रारम्भ भएको हो । 'चन्द्रवदन' कथाले नेपाली कथालेखनको परम्परामा भिन्न प्रवृत्ति र नवीन दृष्टिकोणका साथ आधुनिकताको स्थापना गरेको छ । नेपाली कथालेखनको इतिहासमा 'चन्द्रवदन' कथाबाट नै यथार्थवादी पाश्चात्य आधुनिक चेतनाको अवतरण भएको हो । यस कथामा कथाकारले नेपाली सामाजिक र सांस्कृतिक सन्दर्भमा एउटी कुण्ठाग्रस्त र अतृप्त युवतीको मनोदशाको उद्घाटन गरेका छन् । झिनो कथावस्तुलाई पनि रोचक तरिकाले सङ्गठन गरिएको यस कथाले नारी पात्रको मनोदशाको उद्घाटन कसरी गरेको छ भन्ने समस्याको समाधान यस लेखमा गरिएको छ । पूर्वाध्ययनमा वस्तुतत्त्वका आधारमा ज्यादा अध्ययन भए तापनि पाठीय तत्त्वका आधारमा कथाको संसक्ति र संयुक्तिको अध्ययन खासै नभएकाले पनि यो लेख औचित्यपूर्ण रहेको छ । यस लेखमा पाठीय तत्त्वअन्तर्गत कथाको विधासङ्गठन, संसक्ति र सन्दर्भ (कन्टेक्स्चुआलिटी) लाई आधार बनाएर 'चन्द्रवदन' कथाको विश्लेषण गरिएको छ ।

## २. अध्ययनविधि तथा विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनमा पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । कोइरालाको 'चन्द्रवदन' यसको प्राथमिक सामग्री हो र यसका तथ्यलाई पाठपरक विश्लेषणका लागि संरचनात्मक तथा प्रकार्यपरक सैद्धान्तिक अवधारणालाई द्वितीयक सामग्रीका रूपमा चयन गरी उद्देश्यमूलकताका आधारमा समाख्यानको स्थूल र सूक्ष्म विषयको अध्ययन गरिएको छ । यो लेख गुणात्मक प्रकृतिको लेख हो । यस लेखमा व्याख्या, विवेचना र विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । विवेचना र विश्लेषणकै क्रममा सैद्धान्तिक आधारको पनि संसूचन गरिएको छ ।

## ३. चन्द्रवदन कथाको पाठपरक विश्लेषण

कथाको विधा संरचना, पाठ संरचना, संसक्ति र संयुक्तिका आधारमा 'चन्द्रवदन' कथाको पाठपरक विश्लेषण निम्नानुसार गर्न सकिन्छ :

### ३.१ चन्द्रवदन कथाको विधागत अनुक्रम

क्रियाव्यापारको अनुक्रमात्मकता, अभिकर्ता अभिमुख र पात्रमा विकसित तनावले गर्दा 'चन्द्रवदन' समाख्यानात्मक विधाका रूपमा प्रकट भएको छ । यस कथामा सक्रिय पात्र चन्द्रवदन र निष्क्रिय तर उत्प्रेरक पात्र जुल्फीवालाका माध्यमबाट कथाकारले नारी मनोदशाको अध्ययन गरेका छन् । यो कथा रैखिक ढाँचामा नै लेखिएको छ र कथामा घटनाक्रमलाई भन्दा चरित्रको मनोदशाको खोतलखातल गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ । यस सन्दर्भमा समाख्यानको विश्लेषण गर्नका निम्ति लेबोव (१९७२, पृ.३६३) ले प्रस्तुत गरेको वस्तुसार, अभिमुखीकरण, जटिलता, समाधान र अन्तकको ढाँचालाई आधार मानी यस कथाको पाठपरक सङ्गठन र अनुक्रमात्मक सम्बन्धलाई पहिल्याउने प्रयास गरिएको छ ।

### (क) अभिमुखीकरण

अभिमुखीकरणमा को, कहाँ र कहिलेको जानकारी दिँदै कथालाई घटनातर्फ प्रवृत्त गरिन्छ । अभिमुखीकरणमा तथ्यपृष्ठांश प्रस्तुत गर्दै कथालाई घटनातर्फ अभिमुख गरिन्छ । कथाका चरित्र र परिवेशको जानकारी यसै चरणमा हुने भएकाले यसलाई तथ्यपृष्ठांश पनि भन्न सकिन्छ । दस अनुच्छेदमा विभक्त 'चन्द्रवदन' कथाको विधागत संरचनालाई हेर्दा अनुच्छेद एकदेखि चारसम्म अभिमुखीकरणलाई प्रस्तुत गरिएको छ । यस अवस्थामा चन्द्रवदनका विविध परिस्थितिजन्य अवस्थालाई चित्रण गर्दै कथालाई जटिलतातर्फ अभिमुख गरिएको छ । अभिमुखीकरणमा प्रस्तुत गरिएका कथाका तथ्यहरू यस प्रकार छन् :

(क) चन्द्रवदनको दिन बडो कठिनले बित्दथ्यो (अनु.१) ।

(ख) तर, Ø दिनभरि पट्टार लागेर बस्दा कहिले पनि उसलाई सम्झन्नथी (अनु.२) । कसरी दिन काट्नु । चन्द्रवदन अल्छी मानी मानी पित्तलको एउटा कटौरीमा खरर..टन खरर..टन बत्ती कातिरहेकी थिई (अनु.४)।

(ग) त्यो कात्दै सोच्न थाली– त्यो निश्चय नै खराब मान्छे हो (अनु.४) ।

(घ) बदमास मान्छे त्यस्तै तेलले चुपीचल्ल पारेको जुल्फी राख्दछन्,र फेरि हेर न, निहुरी निहुरी

(ङ) चन्द्रवदन त्यसलाई हेर्दथी –'Ø यतै हरिरहेछ (अनु.४) ।

(च) चन्द्रवदनलाई आजकलका त्यस्ता गुन्डादेखि रिस उठ्थ्यो (अनु.४) ।

चन्द्रवदन एक्लै बस्नु, उसको साथमा एउटी सानी छोरी हुनु, चन्द्रवदन उन्नाइस वर्षकी हुनु, पतिको संसर्ग विगत एक वर्षदेखि नपाउनु र अगाडिको घरको बारदलीमा जुल्फीवाला देखिनु नै चन्द्रवदनमा जटिल मानसिकता विकसित गराउने प्रमुख कारण हुन् । यौन अतृप्तिको कारणले गर्दा चन्द्रवदनलाई अल्छी लागिरहेको देखिन्छ, जुन कुराले कथालाई घटनातर्फ प्रवृत्त गरेको छ । यसरी चन्द्रवदनका यौन अतृप्तिजन्य विविध परिस्थितिलाई कथाको सुरुमा नै प्रस्तुत गरी कथाकारले कथालाई जटिलतातर्फ अभिमुख गरेका छन् । पात्रको समस्याग्रस्त परिस्थितिलाई कथाको सुरुमा नै जानकारी दिने काम भएको छ ।

### (ख) जटिलता

जटिलताले कथालाई समस्या र सङ्कटको क्षणमा पुऱ्याउँछ । यसै चरणमा नै समस्याको मूल्याङ्कन हुन्छ र कथाले उत्कर्षता पनि प्राप्त गर्दछ । यस कथाको अनुच्छेद पाँचदेखि आठसम्म कथामा जटिलताको विकास भएको छ र कथाले उत्कर्षतासमेत प्राप्त गरेको छ । चन्द्रवदनमा एकातर्फ यौन अतृप्ति प्रकट भएको पाइन्छ र उसले जुल्फीवालालाई हेर्न नचाहँदा नचाहँदै पनि जुल्फीवालाप्रति आकर्षित भएकी छ भने अर्कातर्फ छोरीको सान्निध्यले उसको अचेतनको यौन कुण्ठालाई रोकिरहेको

छ । कथाको जटिलतालाई देखाउने साक्ष्यहरू यस प्रकार छन् :

(क) त्यसले बिहा गरेकै होला, त्यसकी मजस्तै दुलही पनि होली ... (अनु.५) ।

(ख) त्यसकी स्वास्नी भएकी भए (अनु.५) ।

(ग) ओहो ! ø कस्तो पाप चिताएँ (अनु.५)

(घ) चन्द्रवदनले माकुराको जालो देखेर कोठा साफ गर्नुपर्ने सम्झी यो चाहिने अर्काकी स्वास्नी मानिसलाई घुर्न दिनभरि फुर्सत पाउँछ (अनु.५) ।

(ङ) लोग्नेमानिसको जातै यस्तै हो सोच्दासोच्दै उसलाई जुल्फीवालाको पनि स्मरण भयो (अनु. ६) ।

(च) निश्चय त्यसको पनि बिहा भएको होला (अनु.७) ।

(छ) म त्यसकी पत्नीका ठाउँमा भए (अनु.७) ।

(ज) जुल्फीवालालाई हेर्नु त्यसको एउटा नियमजस्तो भएको थियो (अनु.८) ।

चन्द्रवदनको अतृप्तिका कारण रिसाउनु, निद्रा नलाग्नु जस्ता मानवीय संवेग उसमा प्रतिविम्बित भएका छन् । यसै कारणले गर्दा नै उसका भाषिक तथा गैरभाषिक व्यवहारमा समेत असन्तुलन उत्पन्न भएको पाइन्छ । यौन कुण्ठाले गर्दा नै चन्द्रवदनको सोचाइ, व्यवहार र क्रियाकलापमा परिवर्तन आएको देखिन्छ। पतिको सान्निध्यबाट टाढा भएकी उन्नाइस वर्षीय चन्द्रवदनको एकनासको जिन्दगीमा अचानक जर्बटि्टएको पुरुष जुल्फीवाला देखिएपछि उसको अतृप्त यौन चाहना विभिन्न माध्यमबाट प्रकट हुन्छ र ऊ जटिल मनोद्वन्द्वको अवस्थामा पुग्दछे । यसरी नारी पात्रमा विकसित जटिल मनोद्वन्द्वलाई विभिन्न भाषिक तथा अभाषिक क्रियाबाट कथामा चित्रण गरी जटिलताको विकास गरिएको छ। यौन अतृप्तिले कुण्ठित भएकी पात्र चन्द्रवदनको कुण्ठाग्रस्त मनोदशाले उत्पन्न गरेको समस्या नै कथाको जटिलताको चरण हो ।

**(ग) समाधान**

समाधानले कथामा विकसित समस्यालाई समाधान वा स्थगनतर्फ उन्मुख गर्दछ । यसले कथामा ग्रन्थिवियोजनको प्रकार्य गर्ने हुँदा समस्या कसरी समाधान हुन्छ भन्ने जानकारी पनि दिन्छ । नवौं अनुच्छेदमा चन्द्रवदनको जटिल यौन मनोदशाको समाधान हुने सङ्केत मिल्छ। ऊ जुल्फीवालातर्फ आकर्षित हुन्छे र उसले राम्राराम्रा लुगाका साथै गाजलटिकी कालटिकी लगाएर बारदलीमा आएर बस्छे, जस्तै : तर त्यो जुल्फीवाला आएन –दिनभरि ø बसिरही (अनु. ९)। यस कथांशबाट के प्रस्ट हुन्छ भने उसको 'इद'मा भएका चाहनाहरूलाई 'इगो' ले नियन्त्रण गर्न सकेको छैन, ऊ सामाजिक मर्यादालाई ख्याल गर्दिन र पतिको प्रतीक्षा गर्नेतर्फ नलागी आफ्ना चाहना (डिजायर) को परिपूर्तितर्फ केन्द्रित भएकी छ, किनभने सामाजिक मर्यादा भन्दा चाहना वा डिजायर शक्तिशाली हुने हुँदा ऊ आफ्ना चाहना पूरा गर्नतर्फ नै केन्द्रित भएकी हो । यसपछि उसले दिनभर नै जुल्फीवालाको

प्रतीक्षा गरी । उसको दिन सधैं पट्यारलाग्दो, लामो र निरसिलो हुन्थ्यो तर उसले जुल्फीवालालाई आकर्षित गर्ने र उसको सम्पर्कमा आउने कल्पनामा रमाउँदा उसले आनन्दको अनुभव गरेकी छ र दिन बितेको पनि पत्तै पाउँदिन । यसबाट यौनतृप्ति नपाएकी र पतिको संसर्गबाट टाढिएकी चन्द्रवदन भित्रको कुण्ठित मानसिकताले निकास पाउने सङ्केत मिल्छ तर जुल्फीवाला नआउनुले कथाको संशयपूर्ण समाधान हुन्छ ।

**(घ) अन्तक**

अन्तक कथाको अन्त्य भाग वा सार पनि हो । यसमा सम्बोधकको मूल्याङ्कन हुन्छ र पाठलाई प्रस्तुत गर्नुको हेतु र दृष्टिकोण रहेको हुन्छ । कथामा जुल्फीवालालाई आकर्षित गर्न चन्द्रवदन तत्पर हुनाले कथामा चन्द्रवदनको अभीष्ट पूरा हुने सङ्केत मिल्छ तर जुल्फीवाला नआएपछि कथा संशयपूर्ण ढङ्गले अन्त्य भएको छ । कथाको निम्नानुसारको कथांशले संशयमा नै कथालाई अन्त्य गरेको पाइन्छ :

(क) 'भोलिदेखि फेरि अल्छी लाग्दो दिन सुरु भयो' ।

(ख) 'चन्द्रवदनको एकनासको जीवनमा यस्तो एउटा घटना पनि भएछ' । (अनु.१०)

कथाको अभिमुखीकरणमा पनि यौन अतृप्तिका कारण चन्द्रवदनले अल्छी लाग्दो दिन बिताएकी थिई भने कथाको अन्त्यमा पनि यौन चाहनापूर्ति हुन नसकेका कारण उसको जीवनमा पुनः आलस्यले घेरेको छ । अतः कथान्तकमा कथाकारले निश्चित परिस्थितिमा उत्पन्न युवतीको मनोदशाको उद्घाटन गर्नुलाई कथाको हेतु बनाएर यौन अतृप्तिजन्य नारीको कुण्ठा, असन्तुष्टि र त्यसले उत्पन्न गरेको क्रिया प्रतिक्रियालाई चित्रण गरेका छन् ।

## ३.२ सन्दर्भ

सन्दर्भभन्दा बाहिर रहेर पाठको सन्देश प्राप्त हुन सक्दैन । त्यसैले सन्दर्भ यस्तो समाजमनोवैज्ञानिक तत्त्व हो, जसका सहायताबाट पाठको अर्थ ग्रहण गर्न सकिन्छ । सङ्कथनमा अर्थ व्यक्त गर्न र आशय प्रकट गर्नका लागि लेखक तथा वक्ताका माध्यमबाट भाषालाई उपकरणका रूपमा लिई सन्दर्भकै सम्प्रेषण गरिन्छ (ब्राउन र युले, १९८३, पृ.२६) । समग्रमा भन्दा पाठको अर्थ नै सन्दर्भ हो र सन्दर्भलाई (क) बाह्य सन्दर्भ र (ख) पाठपरक सन्दर्भका रूपमा व्याख्या गर्न सकिन्छ । बाह्य सन्दर्भ व्यापक र सांस्कृतिक हुन्छ र यो सामाजिक अभ्यास र गतिविधिको अर्को नाम हो भने पाठपरक सन्दर्भ पाठको घटना र सहभागीका क्रियाव्यापारमा प्रकट हुन्छ । यो पाठको वातावरणमा प्रकट हुन्छ र यसलाई ह्यालिडेले परिस्थितिगत सन्दर्भका रूपमा व्याख्या गरेका छन् । 'चन्द्रवदन' कथाको पाठपरक अर्थ निर्धारण र यसको संयुक्ति (कोहेरेन्स) लाई बाह्य सन्दर्भ र पाठपरक सन्दर्भका आधारमा अध्ययन गर्न सकिन्छ ।

**(क) बाह्य सन्दर्भ**

नेपाली सांस्कृतिक तथा सामाजिक सन्दर्भबाट नै 'चन्द्रवदन' कथाको पाठीय सन्दर्भको निर्माण भएको हुनाले यो कथामा मनोविज्ञानलाई प्रस्तुत गर्दा संस्कृति सापेक्षतावादलाई पनि ख्याल गरिएको छ अर्थात् समाज र संस्कृतिअनुसार पात्रको मनोदशाको निर्माण गरिएको छ । नेपाली सामाजिक र सांस्कृतिक परिस्थिति (जुन युरोपेलीहरूको जस्तो यौन स्वतन्त्र समाज होइन) अनुसार महिलाहरू यौनका विषयमा बाहिर प्रकट हुन नसक्ने कारणले कुण्ठाग्रस्त भएर बस्नुपरेको अवस्थालाई यस कथामा चित्रण गरिएको छ । महिलाहरू चुलाचौका, घरका कामकाज र छोराछोरीको हेरविचारमा मात्र सीमित हुनुपर्ने परिस्थितिलाई कथामा प्रस्तुत गरिएको पाइन्छ र कथामा चन्द्रवदनलाई पितृसत्तात्मक समाजकी एक कुण्ठाग्रस्त चरित्रका रूपमा उपस्थित गरिएको छ । महिलाहरू घरायसी काममा मात्र खटिनुपर्ने र पुरुषहरू महिलाका चाहनाबाट विमुख हुने सामाजिक सन्दर्भलाई कथामा यसरी चित्रण गरिएको पाइन्छ :

(क) स्वास्नीमानिसलाई मात्र काम गर्नुपर्ने ।
(ख) त्यसकी दुलही कहाँ काममा खटिरहेकी होली ।
(ग) त्यो चाहिने अर्काकी स्वास्नी मानिसलाई घुर्न दिनभरि फुर्सत पाउँछ ।
(घ) लोग्नेमानिसको जातै यस्तै हो ।

(चन्द्रवदन, अनु.६)

उल्लिखित सन्दर्भमा लोग्नेमानिसप्रति विकसित चन्द्रवदनको धरणा समाजबाट नै निर्मित भएको हो । पुरुषभन्दा महिलाहरू सामाजिक र सांस्कृतिक दृष्टिकोणले नैतिकताको बन्धनमा बाँधिएको सामजिक स्वरूपको चित्रण कथाकारले उल्लिखित अंशमा व्यक्त गरेका छन् । यही सामाजिक सन्दर्भले गर्दा यौन चाहनालाई महिलाहरू प्रकट गर्न सक्दैनन् र असन्तुष्टि र अतृप्तिको कुण्ठा उनीहरूभित्र विकसित हुँदै जान्छ । अर्कोतर्फ कथाकी मुख्य सहभागी पात्र चन्द्रवदनको व्यक्तित्व निर्माणमा निश्चित अभिलक्षणले भूमिका खेलेको पाइन्छ । उसको असामान्य व्यक्तित्व निर्माण हुने मुख्य मुख्य अभिलक्षणहरू यी हुन्: (क) चन्द्रवदनको उमेर उन्नाइस वर्ष हुनु, (ख) पति एक वर्षदेखि झ्यालखानामा रहनु, (ग) पतिको माया नपाउनु, (घ) अल्छीलाग्दो दिन बिताउन बाध्य हुनु (यौन अतृप्तिले गर्दा) (ङ) एउटी छोरी साथमा हुनु र (च) बारदलीमा सधैं जुल्फीवाला देखिनु । यस्ता विभिन्न परिस्थितिहरू चन्द्रवदनमा मनोद्वन्द्व उत्पन्न हुने प्रशस्त आधारहरू हुन् र यी पाठभित्रका यस्ता सन्दर्भले नेपालको राजनैतिक, सामाजिक र ऐतिहासिक बाह्य सन्दर्भ पनि कथामा प्रच्छन्न रूपमा प्रकट भएका छन् । खास गरेर सांस्कृतिक, सामाजिक र राजनैतिक सन्दर्भले गर्दा चन्द्रवदनमा उत्पन्न भएका यौन अतृप्तिजन्य व्यवहार युक्तिपूर्ण बनेका छन् ।

**(ख) पाठीय सन्दर्भ**

सन्दर्भ नै प्रयुक्ति र विधा सिद्धान्तको केन्द्रीय विषय हो र सन्दर्भलाई सङ्गठित गर्ने युक्तिहरू क्षेत्र, सहभागी, र माध्यम हुन् । सन्दर्भका यी आयामहरूलाई ह्यालिडे (१९९१) ले परिस्थिति सन्दर्भ भनेका छन् र यसलाई अन्तःपाठपरक वातावरणका रूपमा लिएका छन् । यी पाठमा संयुक्ति स्थापना गर्ने मुख्य आयाम पनि हुन् र यिनै क्षेत्र, सहभागी र माध्यमका आधारमा 'चन्द्रवदन' कथाको अन्तः पाठपरक वातावरणको निर्माण भएको छ ।

**(अ) क्षेत्र**

नेपाली सामाजिक सन्दर्भमा मनोसामाजिक तत्त्वलाई यस कथाको मुख्य क्षेत्र बनाइएको छ । कथाकी मुख्य चरित्र सामाजिक सांस्कृतिक सन्दर्भलाई बहन गर्ने चरित्र पनि हो । चुलोचौकोको काम सक्नु, छोरीको रेखदेख गर्नु, बत्ती कात्नु, कोठा सफा गर्नु आदि घरायसी काममा ऊ सीमित भएकी छ । उन्नाइस वर्ष उमेर भएकी चन्द्रवदन एक्लै घरमा बस्दा आफ्नो पतिलाई सम्झन पनि चाहन्ने । पतिलाई सम्झन पनि उसलाई अल्छी लाग्छ । यसबाट ऊ पतिबाट पाउने माया प्रेमबाट असन्तुष्ट छे भन्ने प्रस्ट हुन्छ । अल्छी लाग्नु, रिस उठ्नु, निद्रा नलाग्नु जस्ता उसका व्यवहारले वा मानवीय संवेगले उसको कुण्ठाग्रस्त मनोदशा प्रकट भएको छ । 'स्वास्नी मानिसले मात्र काम गर्नुपर्ने' भन्दै ऊ पुरुषप्रति नै आक्रोशित हुन्छे । उसका क्रियात्मक र अक्रियात्मक व्यवहारमा पनि प्रभाव परेको देखिन्छ । उसलाई आफ्नी साथी कालिकासँग डाह उठ्नुको मुख्य कारण पनि यौन असन्तुष्टि नै रहेको छ । कथाका सन्दर्भमा व्यक्त डाह गर्नु, रिसाउनु, अल्छी लाग्नु, दृष्टि दिनु, जुल्फीवालाका विषयमा सोच्नु, सिँगारपटार गर्नु, 'म त्यसकी पत्नी भए' भन्दै कल्पना गर्नुले चन्द्रवदनको यौन कुण्ठा सङ्केतित हुन्छ अथवा यी भाषिक अंशले कथामा यौन वृत्तिलाई अध्यारोपित गर्दछन् र उसले अरूकी स्वास्नीमा आफूलाई विस्थापन गर्नुको कारण पनि यौन अतृप्ति नै हो । अतः कथाकारले यस कथामा मनोसामाजिक विषयलाई क्षेत्र बनाई यौन अतृप्तिले कुण्ठित भएकी युवतीको मनोसामाजिक संरचनालाई प्रस्तुत गरेका छन् ।

**(आ) सहभागी**

'चन्द्रवदन' कथामा मुख्य सहभागी भूमिकामा चन्द्रवदन नै उपस्थित भएकी छ । ऊ कथाकारको बाह्य सीमित दृष्टिकेन्द्री चरित्र पनि हो । यस कथामा चन्द्रवदनका माध्यमबाट कथाकारले बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरी मनोसामाजिक विषयलाई प्रस्तुत गरेका छन् । कथामा पात्रलाई समाख्याताका कोणबाट मूल्याङ्कन गरिएको छ र चन्द्रवदनलाई दृष्टिकेन्द्री चरित्र बनाइएको छ । कथाको अभिमुखीकरणमा चन्द्रवदनको व्यक्तित्व निर्माणको पृष्ठभूमिलाई प्रस्तुत गरिएको छ र मुख्य सहभागी चन्द्रवदनका विषयमा प्रस्तुत तथ्यले कथाको जटिलता, उत्कर्षता र अन्तकको अनुक्रममा संयुक्ति कायम भएको पाइन्छ । कथामा जटिलताको विकासमा प्रेरक भूमिका निर्वाह गर्ने पात्र चाहिँ

जुल्फीवाला हो । छिमेकी घरको बारदलीमा अकस्मात् जुल्फीवालालाई देखेपछि चन्द्रवदनमा दमित कामवासना प्रकट भएको पाइन्छ । जुल्फीवालालाई हेर्नु, ऊसित रिसाउनु, जुल्फीवालाको विषयमा सोच्नु र अन्ततः सिँगारपटार गरेर जुल्फीवालालाई आकर्षित गर्न बारदलीमा जानुले चन्द्रवदन यौनतृप्तिका लागि सामाजिक मर्यादालाई तोड्न पनि तयार भएको आशय कथामा प्रकट भएको छ र यो घटना कथाको उत्कर्षमा आएको छ । तर, जुल्फीवालासँग देखभेट नभएपछि उसको अभीष्ट पूरा नभई संशयमा कथाको अन्त्य भएको छ ।

यस कथाकी मुख्य सहभागी पात्र चन्द्रवदन नेपाली समाजकी एक महिला चरित्र पनि हो । समाज र संस्कृति सापेक्ष नै चन्द्रवदनको मनोदशा कथामा प्रकट भएको पाइन्छ । विवाहित महिला चन्द्रवदनका मनमा उत्पन्न विचारहरूलाई सामाजिक सन्दर्भका आधारमा नै प्रस्तुत गरिएको छ । कथाको जटिलताको चरणमा आएका यी वाक्यमा चन्द्रवदनको आशयको शृङ्खला स्थापित भएको पाइन्छ; जस्तै :

(क) म त्यसकी स्वास्नी भएकी भए (अनु.५)

(ख) ओहो कस्तो पाप चिताएँ (अनु.५) ।

(ग) म उसकी दुलही भए.. (अनु.७) ।

माथिका कथांशमा चन्द्रवदन परपुरुषतर्फ आकर्षित भएको प्रसङ्गलाई कथामा चित्रण गरिएको छ । अर्काकी स्वास्नी (जुल्फीवाला र कालिकाको पति) भएकी भए भन्दै उसले आफ्नो धारणा बनाउँछे र अनुमान लगाउँछे तर सामाजिक र सांस्कृतिक विचारधाराले गर्दा तत्कालै ‘पाप चिताएँ’ भन्ने महसुस पनि गर्छे । यसर्थ उसको मनको कुण्ठालाई सांस्कृतिक विचारधाराले अवरोध गरेको पाइन्छ । साथै विवाहिता स्वास्नी मानिसले परपुरुषका विषयमा सोच्नु पाप हो भन्ने अर्थ सामाजिक सांस्कृतिक सन्दर्भले निर्धारण गर्दछ । सांस्कृतिक सन्दर्भका कारण चन्द्रवदनमा केही निश्चित पूर्वधारणा या पूर्वज्ञानहरू विकसित भएका छन् र त्यसै अनुरूपका विचारधारा कथामा सङ्केतित छन् । उसमा विकसित पूर्वधारणा यस्ता छन् : (१) यौनतृप्तिको माध्यम विवाह हो (२) पुरुषभन्दा महिला बढी बन्धनमा छन् (३) बदमास मान्छेले तेलको चुपिचल्ल परेको जुल्फी राख्दछन् आदि । यिनै पूर्वधारणाले उसको मनोदशा, व्यवहार र भाषामा पनि प्रभाव परेको देखिन्छ । बदमास मान्छे हो भन्ने थाहा हुँदाहुँदै पनि ऊ जुल्फीवालाप्रति आकर्षित हुनु, म उसकी पत्नी भए भन्ने कल्पना गरी प्रतिस्थापन गर्नु र अन्ततः जुल्फीवालालाई आकर्षित गर्न सिँगारपटार गरी बारदलीमा जानुले चन्द्रवदनको व्यवहारमा यौन अतृप्तिको प्रदर्शन देख्न सकिन्छ । यसरी यस कथामा मुख्य सहभागी पात्र चन्द्रवदनको कथन क्रिया (म उसकी दुलही भए आदि) र अकथन क्रिया (अल्छी लाग्नु, दृष्टि दिनु, नियाल्नु, सोच्नु, रिसाउनु आदि) ले सहभागीको यौन तृप्ति गर्ने अभीष्ट प्रकट भएको छ र सहभागीको यस आशयले कथा संयुक्तिपूर्ण बनेको पनि छ ।

यस कथामा चन्द्रवदनको मनोदशालाई मनोवादात्मक शैलीमा प्रस्तुत गरिएको छ। त्यसैले चन्द्रवदन नै सक्रिय र भूमिकामूलक चरित्र हो । कथामा कर्मत्व सम्बन्ध भएकी चरित्र पनि ऊ नै हो । ऊ र जुल्फीवालाका बिचमा निरपेक्ष सम्बन्ध छ । जुल्फीवाला निरपेक्ष छ तापनि चन्द्रवदनले उसलाई आफ्नै दृष्टिकोणबाट हेर्छे र बदमास, गुण्डा र खराबे ठान्छे । खराब मान्छे हो भन्ने अनुभव गर्दा गर्दै पनि जुल्फीवालाप्रति आकर्षित हुनुले उसको यौनेच्छालाई सङ्केतित गर्दछ । यसर्थ कथामा प्रत्यक्ष सहभागीका रूपमा चन्द्रवदन नै आएकी छ भने अप्रत्यक्ष तथा निरपेक्ष सहभागीका रूपमा जुल्फीवाला देखिएको छ । जुल्फीवाला केवल उत्तेजक वा उत्प्रेरकका रूपमा कथामा आएको छ । यौन अतृप्तिले के कति प्रभाव पार्दछ भन्ने विषय नै लेखकले सम्प्रेषण गर्न खोजेको र पाठकले ग्रहण गर्ने कथ्य विषय हो ।

**(इ) माध्यम**

'चन्द्रवदन' कथामा मनोवादात्मक शैलीको प्रयोग गरिएको छ । यस कथामा तलका कथांशमा चन्द्रवदनको आशयको सुशृङ्खला स्थापित भएको छ। यी कथांशमा चन्द्रवदनको यौन अतृप्तिजन्य मानसिकता प्रकट भएको पाइन्छ; जस्तै :

(क) चन्द्रवदनले माकुराको जालो देखेर कोठा सफा गर्नु पर्ने सम्झी (अनु.५) ।

(ख) झट्ट उसलाई जुल्फीवालाको स्मरण भयो (अनु.६)।

(ग) त्यसलाई सोच्दा सोच्दै झन रिस उठ्न थाल्यो (अनु.६)।

(घ) बिस्तारै उसलाई कालिकामाथि डाह उठ्यो (अनु.७)।

(ङ) जुल्फीवालालाई हेर्नु त्यसको एउटा नियम जस्तो भएको थियो (अनु.८)।

(च) एक दिन आफ्नो सबभन्दा राम्रो लुगा लगाई (अनु.९) (९.१)...बारदलीमा आएर बसी (अनु.९) ।

तर, त्यो जुल्फीवाला आएन –दिनभरि बसिरही (अनु.५)।

कथामा कथाकारले पात्रको इद र इगोलाई जनाउन भाषाको आलङ्कारिक संयोजन गरेका छन् । कथामा माकुराको जालो र कोठाको प्रयोग प्रतीकात्मक रूपमा गरिएको छ । मन, यौन चाहना, परपुरुषको आगमनलाई क्रमशः कोठा, माकुरो, भँवरा आदि शब्दको प्रयोग गरी प्रतीकात्मक तरिकाले कथाको अर्थलाई संयोजन गरिएको छ। त्यस्तै यस कथामा सहभागी चन्द्रवदनका भाषिक तथा अभाषिक भूमिकाबाट पनि कथाकारको आफ्नो सन्देश सम्प्रेषण भएको छ। यस्ता भाषांशमा चन्द्रवदनको सोच, पूर्वधारणा र मनोदशा प्रकट भएको पाइन्छ; जस्तै :

(क) बदमास मान्छे त्यस्तै तेलको चुपीचल्ल पारेको जुल्फी राख्दछन् (अनु.४) ।

(ख) म त्यसकी स्वास्नी भएकी भए, ओहो ! कस्तो पाप चिताएँ (अनु.५) ।

(ग) ...यो चाहिने अर्काकी दुलहीलाई घुर्न फुर्सत पाउँछ (अनु.६) ।

(घ) म उसकी (कालिकाको पतिकी) दुलही भए(अनु.७) ।

(ङ) अहिले बारदलीमै छ कि त्यहाँबाट गइसक्यो (अनु.८) ।

यी भाषांशले चन्द्रवदनको आशयको शृङ्खला निर्माण गरेको पाइन्छ र पाठपरक अर्थ निर्धारित गरेको देखिन्छ । 'बदमास मान्छे त्यस्तै तेलको चुपीचल्ल पारेको जुल्फी राख्दछन्' भन्ने 'स्टेरियोटाइप' चन्द्रवदनमा विकसित भएको छ । तर, 'बदमास मान्छे' (४.१६) हो भन्ने थाहा हुँदा हुँदै पनि चन्द्रवदन जुल्फीवालाप्रति आकर्षित हुन्छे र उसैका विषयमा बारम्बार सोच्छे । यसले उसको यौन कुण्ठालाई सङ्केतित हुन्छ र उसको व्यवहार र भाषिक क्रियाका बिचमा विरोध उत्पन्न हुने कारण भनेको उसको असन्तुलित मानसिकता हो ।

### ३.३ सूचना सङ्गठन

पाठको पहिलो सूचना नै शीर्षक भएकाले यस कथाको शीर्षकबाट यो कथा चन्द्रवदनको कथा हो भन्ने प्रस्ट  हुन्छ । चन्द्रवदनका विषयमा मूल भाव र सूचना केन्द्रित छ भन्ने कुरा यसको शीर्षकबाट प्रस्ट हुन्छ । यस कथाको संरचनाअन्तर्गत अभिमुखीकरणमा आएका केही वाक्यको अक्षकीय व्यवस्थालाई यसरी हेर्न सकिन्छ :

(क) चन्द्रवदनको दिन अक्षक बडो कठिनले बित्दथ्यो वर्तक ।

(ख) त्यो कात्दै सोच्न थाली, अक्षक त्यो निश्चय नै खराब मान्छे हो वर्तक ।

(ग) चन्द्रवदनलाई अक्षक आजकलका यस्ता गुन्डादेखि रिस उठ्थ्यो वर्तक ।

उल्लिखित वाक्यमा इङ्गित अक्षकीय संरचनाले चन्द्रवदनकै क्रियाव्यापारमा सम्बोधकले जोड दिई कथाको रैखिक ढाँचा निर्माण गरेका छन् । कठिनले दिन बित्नु, सोच्न थाल्नु, रिस उठ्नुमा वर्तकको विकास पनि भएको छ र नव सूचना समेत सङ्गठित भएको छ । यस कथाको जटिलताको विकासमा चन्द्रवदनको असन्तुलन र छटपटीलाई सूचित गरिएको छ; जस्तै :

(क) त्यसकी अक्षक स्वास्नी भएकी भए वर्तक ।

(ख) जुल्फीवालालाई हेर्नु अक्षक त्यसको एउटा नियम जस्तो भएको थियो वर्तक ।

माथिका वाक्यमा जुल्फीवालाप्रति चन्द्रवदन आकर्षित बन्दै गएको सूचना सङ्गठित भएको छ । जुल्फीवालाको उत्प्रेरक भूमिकालाई कथाको जटिलतामा प्रस्तुत अक्षकीय संरचनाले प्रस्तुत गरेको पाइन्छ । अभिमुखीकरणमा चन्द्रवदनले जुल्फीवालालाई हेर्दा रिस उत्पन्न भए तापनि कथाको जटिलतामा जुल्फीवालालाई हेर्नु एउटा नियम जस्तो भएको प्रसङ्गले प्रदत्त सूचना र नव सूचनामा व्यतिरेक पाइन्छ । यसले चन्द्रवदनको विरोधी मानसिकताको सूचना पनि दिन्छ । चन्द्रवदनको

सान्निध्यमा जुल्फीवाला देखा नपरेको सूचनाले कथालाई समाधानतर्फ मोडेको पाइन्छ । यस कथामा अधिकांश रूपमा प्रदत्त सूचना र नव सूचनाका बिचमा व्यतिरेकी शृङ्खला स्थापित भएको देखिन्छ र यस्ता विरोधी सूचनाको पूर्वापर प्रसङ्गबाट कथारेखा तयार भएको छ । 'चन्द्रवदनको दिन बडो कठिनले बित्दथ्यो' कथाको पहिलो वाक्य हो र यस वाक्यले समग्र कथाको अक्षकीय संरचनालाई अभिमुख गर्दछ भने कथाको अन्तिम वाक्यमा चन्द्रवदनको एकनासको जीवन वा पतिको संसर्गविहीन जीवनको सूचनाका साथ नारीको जटिल मनोविश्लेषणात्मक यथार्थको सूचना दिएर कथाको अन्त्य गरिएको छ ।

### ३.४ संसक्ति व्यवस्था

संसक्ति व्यवस्थाअन्तर्गत व्याकरणात्मक र कोशीय संसक्तिलाई मुख्य आधार मानी अध्ययन गर्न सकिन्छ । व्याकरणात्मक संसक्तिले पाठका एकाइहरूका बिचमा बन्द व्यवस्थामा उपस्थित भई पाठलाई संसक्त बनाउँछ भने कोशीय संसक्तिले चाहिँ पाठको खुला व्यवस्थामा आई पाठलाई संसक्त बनाउँछ । कोशीय संसक्ति लेखकको चयनको विषय पनि हो । बन्द अर्थात् व्याकरणात्मक तहमा निहित व्याकरणात्मक संसक्ति र खुला अर्थात् शाब्दिक व्यवस्थामा प्रयुक्त कोशीय संसक्तिको अध्ययनले कोइरालाको कथात्मक रूपविन्यास र कथाको आशयपरक विकास पहिल्याउन सकिन्छ । 'चन्द्रवदन' कथामा व्याकरणात्मक तहमा बन्धन कायम गर्ने निदर्शन, प्रतिस्थापन/विलोप, संयोजन र निकटस्थ युग्मका साथै कोशीय तहमा पुनःकथनात्मक र साहचर्यात्मक सम्बन्धले कथामा कायम भएको संयुक्तिलाई तलका उपशीर्षकमा हेरिएको छ :

#### (क) निदर्शनको प्रयोग

'चन्द्रवदन' कथामा सार्वनामिक र दर्शक सर्वनामले अत्यधिक निदर्शन गरेको पाइन्छ । कथामा चन्द्रवदन र जुल्फीवालालाई नै अत्यधिक निदर्शन गरिएको छ; जस्तै :

(क) त्यसको स्वभाव कसैसँग नमिल्ने हुनाले छिमेकीहरूसँग आवत जावत थिएन (१.५) ।
(ख) त्यो तरकारी काट्न भनेर बस्दथी (१.३) ।
(ग) उसलाई सारा दिन फुर्सद हुन्थ्यो (१.१) ।

कथाकारको दृष्टिविन्दु तृतीय पुरुष एकवचन अनादर छ भने कथामा निदर्शनको प्रयोग पनि सोहीअनुरूप गरिएको छ । कथामा त्यस, त्यो, उस, यो, जस्ता सर्वनामिक र दर्शक शब्दको प्रयोग गरी कथाकी मुख्य पात्र चन्द्रवदनको पूर्वनिदर्शन गरिएको छ । त्यस्तै कथाको अर्को सहभागी पात्र जुल्फीवालालाई पनि सार्वनामिक दर्शक र तुलनाबोधक शब्दले निदर्शन गरिएको छ, जस्तैः त्यो, त्यस, यो (जुल्फीवाला), त्यस्ता (जुल्फी पाल्ने, तेल चिपिचिल्ल लगाउने), त्यस्तै (अरूका स्वास्नी मानिसलाई घुर्ने) सन्दर्भमा जुल्फीवालालाई दर्शक र तुलनाबोधक शब्दले निदर्शन गरिएको पाइन्छ; जस्तै :

(क) त्यसलाई देख्नासाथ चन्द्रवदन कपालमा लुगा हाली, आँखा तल गरी बत्ती कात्न थाली (अनु.४) ।

(ख) त्यो (चन्द्रवदन) कात्दै सोच्न थाली– त्यो निश्चय नै खराब मान्छे हो (अनु.४) । बदमास मान्छे त्यस्तै तेलले चुपीचल्ल पारेको जुल्फी राख्दछन् (अनु.४) ।

(ग) निहुरी निहुरी चन्द्रवदन त्यसलाई हेर्दथी (अनु.४) ।

(घ) चन्द्रवदनलाई आजकलका त्यस्ता गुन्डादेखि रिस उठ्थ्यो (अनु.४) ।

(ङ) यो चाहिने अर्काकी स्वास्नी मानिसलाई घुर्न दिनभरि फुर्सत पाउँछ (अनु.६) ।

यी वाक्यमा 'यो' (दर्शक सर्वनाम)ले कथामा चन्द्रवदनको उत्प्रेरकका रूपमा आएको जुल्फीवालाको निदर्शन गरेको छ । चन्द्रवदनको कुण्ठित/अतृप्त कामवासनालाई जगाइदिने प्रेरक सहभागी जुल्फीवालालाई दूरतावाची दर्शक शब्द (सर्वनाम वा विशेषण) र निकटतावाची दर्शक शब्द (सर्वनाम वा विशेषण) को प्रयोग गरी निदर्शन गरिएको छ । 'त्यस्ता' 'यस्ता' ले अन्य भद्र मानिस (बाह्यसन्दर्भ)सँग जुल्फीवालाको तुलना गरिएको छ । 'लोग्ने मानिसको जातै यस्तै हो' भन्ने भनाइमा चन्द्रवदनले जुल्फीवालाको व्यवहारलाई सबै लोग्नेमानिसमा सामान्यीकृत गरेकी छ । यस वाक्यमा तुलनीयता निदर्शन 'यस्ता' ले कायम गरेको छ । 'त्यस्तै' को प्रयोग कथामा कालिकाको पतिलाई निदर्शन गर्न पनि गरिएको छ; जस्तै :

(क) 'त्यस्तै मान्छेले मात्र आफ्नी पत्नीलाई सुख दिन्छ (अनु.७)' ।

यस वाक्यमा 'त्यस्तै' ले पतिको कस्तो गुण वा विशेषतालाई जनाएको हो भन्ने कुरा कथामा प्रस्ट छैन । 'त्यस्तै' ले आफ्नी पत्नीलाई हँसिली बनाइदिने भन्ने अर्थ निस्कन्छ र यसले कथाको सन्दर्भले अन्य भौतिक सुख नभएर यौन सुख दिने पतिलाई 'त्यस्तै' (अनु.७)ले पूर्वनिदर्शन गरेको छ भन्ने पाठपरक अर्थ प्रकट भएको छ । कथामा चन्द्रवदनको पतिलाई पनि विभिन्न व्यक्तिवाचक, दर्शक र निर्धारक शब्दको प्रयोग गरी पूर्वनिदर्शन कायम गरिएको छ । चन्द्रवदनले 'उनी' (अनु.७), 'तिनी' (अनु.७) भनी पुरुषवाचक मध्यम आदरार्थी सर्वनामले पूर्वनिदर्शन गरेकी छ भने कथाकारले 'उस' (२.३) तृतीय पुरुष अनादर सर्वनामले निदर्शन गरेका छन् । उसको पतिको प्रसङ्ग अभिमुखीकरणमा 'उसको' परिस्थिति तथा व्यक्तित्वमाथि प्रकाश पार्ने क्रममा आएको छ भने कथाको उत्कर्ष बिन्दुमा 'उसको' मनोविश्लेषणका लागि पनि आएको पाइन्छ ।

यस कथामा 'बारदलीलाई' कथाको एउटा भाषिक एकाइ मात्र नबनाई आशय केन्द्रित एकाइका रूपमा पनि प्रयोग गरिएको छ । कथामा मुख्य सहभागी पात्र चन्द्रवदनको परिस्थितिगत सन्दर्भको निर्माणमा बारदली मुख्य स्थान बनेर आएको छ । चन्द्रवदनको चेतन मन र अचेतन मनको द्वन्द्व यही बारदलीमा चलेको छ र यो अर्द्धचेतन मनका रूपमा प्रयुक्त भएको देखिन्छ । स्थान विशेषका रूपमा प्रयुक्त बारदलीलाई 'त्यही' शब्दले बारम्बार निदर्शन गरेको छ; जस्तै :

(क) त्यो मान्छेलाई त्यही (बारदलीमा) देखी (६.२) (पूर्वनिदर्शन)।

त्यस्तै 'त्यही' (अनु.४) ले चन्द्रवदनको कोठाभित्रलाई पनि निदर्शन गरेको पाइन्छ। यस कथामा 'म त्यसकी स्वास्नी भएकी भए' (अनु.५) र 'म उसकी दुलही भए' (अनु.७) भन्ने वाक्यमा 'त्यसकी' ले यौन अतृप्तिका कारणले चन्द्रवदन परपुरुषतिर (जुल्फीवाल र कालिकाको पतितर्फ) आकर्षित भएको कुरालाई सन्दर्भित गरेको पाइन्छ। यस्ता उपवाक्यले कथामा चन्द्रवदनको आशयलाई आनुक्रमिक रूपमा विन्यस्त गरेको पाइन्छ।

यस कथामा व्यक्तिवाचक, तुलनावाचक, दर्शक र निर्धारकले अधिक पूर्वनिदर्शन गरेको पाइन्छ। यद्यपि कथामा दर्शक र निर्धारकले नै अधिक मात्रामा व्यक्ति, स्थिति र अवस्थितिको पूर्वनिदर्शन गरेका छन्। मुख्यतः मनोवैज्ञानिक कथाहरू व्यक्तिकेन्द्री हुन्छन् र यस्ता कथामा पनि व्यक्तिलाई दर्साउने सर्वनामले निदर्शन गरेको देखिन्छ। कथाको अभिमुखीकरण खण्डमा चन्द्रवदनलाई त्यस, उस, त्यो जस्ता सार्वनामिक पदले सम्बोधन गरेको पाइन्छ। त्यसैले यो चन्द्रवदनको कथा हो भन्ने कुरा प्रस्ट हुन्छ र कथाको (अनु.१) वाक्यमा 'त्यसको स्वभाव कसैसँग नमिल्ने हुनाले छिमेकीहरूसँग आवतजावत थिएन' भन्ने वाक्यमा चन्द्रवदनको भिन्न किसिमको स्वभावलाई कथाको अभिमुखीकरणमा नै निदर्शनको प्रयोग गरी प्रस्तुत गरिएको छ। कथामा चौथो र पाँचौ अनुच्छेदमा जटिलताको विकास भएको छ। जटिलताको खण्डमा जुल्फीवालालाई 'त्यस' र 'त्यो' द्वारा निदर्शन गरिएको छ। जटिलता खण्डअन्तर्गतका माथिका वाक्यमा जुल्फीवालाप्रति विकसित चन्द्रवदनको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ। कथान्तक खण्डमा भने चन्द्रवदनलाई नै निदर्शन गर्ने नामिक पद (विलुप्त अंश)ले पाठलाई सन्दर्भित तुल्याइएको छ र 'भोलिदेखि फेरि Ø अल्छीलाग्दो दिन सुरु भयो' (अनु.१०) वाक्यलाई कथान्तकका रूपमा प्रयोग गरी कथाकारले कथाको अन्त्य गरेका छन्। यसर्थ कथाका अधिकांश निदर्शनहरू चन्द्रवदनमा नै केन्द्रित भएको हुनाले कथा चन्द्रवदनको कथा हो भन्ने प्रस्ट हुन्छ।

**(ख) प्रतिस्थापन र विलोप**

'चन्द्रवदन' कथाको शृङ्खलामा अध्याहार गरी विलोप भएका स्थानमा लुप्त अंशलाई प्रस्तुत गरी कथाको अर्थलाई प्रस्ट गर्न सकिन्छ। यस कथामा लुप्त अंशलाई शून्यद्वारा प्रतिस्थापन गरी पाठलाई आलङ्कारिक संयोजन गरिएको छ र कथामा विलोपको तथ्यलाई हेर्दा अत्यधिक मात्रामा नामिक पदको विलोप नै कथामा प्रयुक्त भएको पाइन्छ। यस कथामा अत्यधिक मात्रामा 'चन्द्रवदन'को नै विलोप गरिएको पाइन्छ। कथामा 'चन्द्रवदन' को विलोप गरिए पनि त्यसको सट्टा सर्वनामको प्रयोग नगर्ने तर बिच बिचमा भने पुनः नाम र कतै सर्वनामको प्रयोग कथामा गरिएको छ। यस कथामा विलोप युक्तिलाई गुरुप्रसाद मैनालीले जस्तै गरी प्रयोग गरेको पाइन्छ। मैनाली पनि सर्वनामको अधिक प्रयोगलाई भन्दा विलोप युक्तिलाई बढी मन पराएको पाइन्छ। व्यक्तिवाचक

सर्वनामका ठाउँमा विलोप युक्तिका माध्यमबाट कथामा सुशृङ्खला स्थापित गर्ने काम यस कथामा कोइरालाबाट पनि भएको पाइन्छ; जस्तै :

(क) फेरि ø तर्खर गर्न थाल्थी र खाई पिई छोरीलाई ख्वाई समसाँझमै सुत्दथी (अनु.१) ।

(ख) ø प्रेम भनेको के हो थाहा पाएकी थिइन (अनु.३) ।

(ग) ø बिहा भएको दुई वर्षपछि छोरी पाई (अनु.३) आदि ।

यी वाक्यमा विलोप (ø) भएका स्थानमा नामिक पद चन्द्रवदन* (ऊ) स्थानापन्न गर्न सकिन्छ । त्यस्तै जुल्फीवालालाई पनि बारम्बार पुनरावृत्ति नगरी कथामा निदर्शन गर्नुका साथै विलोपको युक्ति प्रयोग गरिएको पाइन्छ । ø यतै हरिरहेछ (अनु.४) वाक्यमा *'जुल्फीवाला' लाई पाठको सन्दर्भका आधारमा प्रतिस्थापन गर्न सकिन्छ । कथामा क्रियात्मक विलोपको स्थिति पनि पाइन्छ । कथामा व्यक्तिवाचक शब्दको नै बढी विलोप गरिएको छ तापनि कतै कतै क्रियाको पनि विलोप गरिएको पाइन्छ; जस्तै :

(क) स्वास्नी मानिसलाई मात्र काम गर्नुपर्ने ø (अनु.६) ।

(ख) हामी स्वास्नी मानिसले कसैलाई ....ø (अनु. ६) ।

उल्लिखित वाक्य (क)मा *'रहेछ' क्रियाले र (ख) वाक्यमा *'हेर्नुहुन्न' जस्ता क्रिया प्रतिस्थापित हुन्छन् । त्यस्तै 'स्वास्नीमानिसलाई मात्र काम गर्नुपर्ने ø' (अनु.६) वाक्यमा विधेय पदावली अन्तर्गत उपवाक्यात्मक अंश *(यहाँको नियम रहेछ) लाई नै पाठको पूर्व प्रसङ्गबाट अध्याहार गरी प्रस्तुत गर्न सकिन्छ । कथामा 'यस्तै', 'यस्तो', जस्ता पदले निदर्शनका साथै पूर्वकथनमा उल्लिखित कार्यव्यापारको प्रतिस्थापन गरेको पनि पाइन्छ । जस्तैः 'लोग्ने मानिसको जातै यस्तै हो' (६.९) र 'यस्तै मानिसले मात्र आफ्नी पत्नीलाई सुख दिन्छ' (७.२८) जस्ता कथाको उत्कर्षमा आएका 'यस्तै'ले लोग्ने मानिसप्रति चन्द्रवदनमा उत्पन्न पूर्वधारणा प्रकट भएको पाइन्छ । कथाकारको रुचि व्यक्तिवाचक पदको विलोपमा बढी केन्द्रित देखिन्छ । अतः विलोपले कथाको वाक्य विन्यासमा विचलन ल्याएको छ र कोइरालाको कथात्मक अभिव्यक्ति शिल्पको एउटा पाटो पनि प्रकट भएको छ ।

**(ग) संयोजन युक्ति**

'चन्द्रवदन' कथामा विरुद्धार्थक, अधियोगी, कारणबोधक र कालिक संयोजनको प्रयोगबाट कथामा पूर्वसूचनाको विरोध वा व्यतिरेक, अधियोग, कारण तथा समय शृङ्खलालाई प्रस्तुत गरिएको छ ।

**(अ) विरुद्धार्थक**

'चन्द्रवदन' कथामा उपवाक्यका बिचमा विरुद्धार्थक सम्बन्ध कायम गरी संसक्तिगत बन्धन कायम

गर्ने संयोजनहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

(क) कहिले कहिले झ्यालखानामा परेको पतिलाई सम्झन्थी तर दिनभर पट्यार लागेर बस्दा कहिले पनि उसलाई सम्झन्नथी (अनु.२) । (पतिलाई सम्झनुको व्यतिरेक/पतिबाट खुसी नहुनुको व्यतिरेक)

(ख) यसलाई साफ गर्नुपर्ने रहेछ तर अहिले जाँगर छैन (अनु.४) । (साफ गर्नुको विरोधी कार्य)

(ग) ...तर अहिले बारदलीमा छ कि गइसक्यो (अनु.८) । (जुल्फीवालाको दृष्टिबाट हट्ने प्रयास गर्नुको विरोध/जुल्फीवालालाई हेर्न मन लाग्नु)

(घ) ...तर त्यो जुल्फीवाला आएन (अनु.९) । (जुल्फीवालाको प्रतीक्षा गर्नुको विरोध)

उल्लिखित विरुद्धार्थक संयोजनको प्रयोगबाट कथामा सहभागीको वा चन्द्रवदनको विरोधी मनस्थितिलाई कथामा दर्साइएको छ। पूर्वकथनलाई योग्य बनाउने, परिमार्जन गर्ने, विरोध स्थापना गर्ने क्रममा यस्ता संयोजनको प्रयोग कथामा गरिएको छ। खास गरेर उन्नाइस वर्षीय चन्द्रवदनको चेतन मनको विरोधी प्रकार्य सम्पन्न गर्न यस्ता विरुद्धार्थक संयोजनको प्रयोग कथामा भएको पाइन्छ । कथाकारले कथामा चन्द्रवदनको असामान्य मनोदशाको विकास हुने यस्ता तथ्यलाई कथामा विरुद्धार्थक संयोजनको प्रयोग गरी प्रस्तुत गरेका छन् ।

**(आ) अधियोग**

यस कथामा पहिलो उपवाक्यको कथनको सूचनाभन्दा अतिरिक्त सूचना दिने अधियोगी संयोजनको प्रयोग निम्न लिखितअनुसार भएको पाइन्छ :

(क) फेरि तरखर गर्न थाल्थी र खाई पिई समसाँझमै सुत्दथी (अनु.१) । (घरायसी काम+खानपिन+सुताइको अनुक्रम)

(ख) बदमास मान्छे त्यस्तै तेलको चुपीचल्ल पारेको जुल्फी राख्छन् र फेरि हेर न...( अनु.४) । (बदमास हो भन्ने अनुभव गर्नु र हेर्नु)

(ग) सुखी होली कि म जस्तै न सुखी न दुःखी (अनु.७) । (सुखी र दुःखी विकल्पको योग)

यस्ता अधियोगी संयोजनले पूर्व सूचनामा अतिरिक्त सूचना पछिल्लो उपवाक्यमा दिएको पाइन्छ । यस कथामा चन्द्रवदनको क्रियात्मक व्यवहार, आशय र मनोवृत्तिलाई पछिल्लो उपवाक्यमा केन्द्रित गरी वाक्यात्मक विन्यासमा संयोजनका पद्धतिबाट कथाकारले संसक्ति कायम गरेका छन् ।

**(इ) कालबोधक**

यस कथामा उपवाक्यमा कालिक अर्थात् समयबोधक संयोजनको प्रयोग पनि पाइन्छ; जस्तै :

(क) त्यस बखतमा केही सम्झिन पनि अल्छी लाग्थ्यो (२.४) । (दिनभरि पट्यार लागेर बस्दा)

(ख) त्यसै बखत अगाडिको घरको बारदलीमा जुल्फी पालेको एउटा मान्छे २५वर्षको हुँदो हो- आयो (अनु.४) । (जुल्फीवाला आउने दिउसोको समय)

कथामा दिउसोको समय शृङ्खलालाई जोड्न त्यसै बखत जस्तो कालिक संयोजनको प्रयोग गरिएको पाइन्छ । कथाको कालिक सन्दर्भलाई यस्ता कालिक संयोजनले जोडेको पाइन्छ । दिउसोको समयमा नै जुल्फीवाला देखिने हुँदा चन्द्रवदनको अचेतनमा दमित यौनबुभुक्षा पनि त्यही समयमा नै प्रकट भएको छ ।

**(ई) कारणबोधक**

यस कथामा कारणबोधक संयोजनको प्रयोग पनि पाइन्छ । यस्ता कारणबोधक संयोजनले कथामा परिणाम, कारण र हेतुलाई प्रस्ट गरेको पाइन्छ; जस्तै :

(क) त्यसको स्वाभाव कसैसँग नमिल्ने हुनाले छिमेकीहरूसँगै आवतजावत थिएन (अनु.१) । (अरूसँग नमिल्ने असामान्य (अन्तर्मुखी) स्वाभावको कारणले गर्दा छिमेकीसँग आवतजावत नहुनु)

(ख) अहिले जाऊँ भने त्यो मान्छे हुँदै होला (अनु.४) । (त्यो मान्छे (जुल्फीवाला) को कारण बाहिर जाने या नजाने मनस्थिति)

कथामा प्रस्तुत उल्लिखित संयोजनले कार्य कारण अथवा कारण परिणामलाई जनाएको हुनाले ‘भने’, ‘हुनाले’ जस्ता पाठमा प्रयुक्त संयोजन कारणबोधक संयोजन हुन् । माथिका वाक्यमा चन्द्रवदनको परिस्थिति र उसमा विकसित असामान्य मनोदशाको विकास हुने कारणका रूपमा जुल्फीवाला प्रेरक भूमिकामा आएको छ ।

**(उ) निकटस्थ युग्म**

‘चन्द्रवदन’ कथामा चन्द्रवदनको मनोदशालाई बाह्य सीमित दृष्टिबिन्दुका माध्यमबाट प्रस्तुत गर्ने क्रममा भाषिक तहमा प्रश्न-उत्तरको निकटस्थ युग्मको प्रयोग कथामा सान्दर्भिक बनेर आएको पाइन्छ; जस्तै :

(क) कहिले उनी (पति) छुट्लान ? उनी के सोँच्दा होलान् ( अनु.७) ? (क्रियात्मक व्यवहार नकारात्मक)

(ख) अहिले बारदलीमै छ कि त्यहाँबाट गइसक्यो (अनु.८) ? (क्रियात्मक व्यवहार सकारात्मक)

मनोवादात्मक शैलीमा लेखिएको यस कथामा चन्द्रवदनले सातौं अनुच्छेदका प्रश्नमा आफ्ना पति छिटै छुट्लान र उनले पनि मेरा विषयमा सोचिरहेका होलान् भन्ने उत्तरको अपेक्षा गरिए पनि पतिको छुटाइसँग चन्द्रवदन आशावादी छैन । उक्त वाक्यका युग्मले चन्द्रवदनको असन्तुष्टि र अतृप्ति प्रकट भएको पाइन्छ र ८औं अनुच्छेदमा 'बारदलीमा छ कि गइसक्यो?' भनेर कोठाभित्र बसेकी चन्द्रवदन जुल्फीवाला बारदलीमा नै छ भन्ने ठानी बारम्बार बारदलीमा निस्कन्छे । कथाको अनुक्रमात्मक सम्बन्धमा आएका निकटस्थ युग्मको क्रमलाई हेर्दा त्यहाँ विरोधको अभिलक्षण नै अधिक पाइने हुनाले यस कथामा चन्द्रवदनको अन्तर्मुखी र असन्तुलित मानसिकताको चित्रण गरिएको छ ।

**(घ) कोशीय संसक्ति**

'चन्द्रवदन' कथामा मानवीय–अमानवीय, मूर्त-अमूर्त शब्दको पुनःकथन र साहचर्य संसक्ति भएको पाइन्छ । मानवीय शब्दमा चन्द्रवदन, छोरी, जुल्फीवालासँग सम्बन्धित शब्द नै बढी प्रयुक्त छन् । चन्द्रवदनको विवाहित, उन्नाइस वर्षीय, स्वास्नीमानिस वा स्वास्नीमान्छे, पत्नी, दुलही जस्ता शब्दसँग, जुल्फीवालाको पच्चिस वर्षीय लोग्ने मान्छे, गुण्डा, बदमास मान्छे, खराब मान्छे, पुरुष, असभ्य मान्छे, अभद्र मान्छे, र पतिलाई दुलाहा अनि रिसाहा जस्ता शब्दसँग पाठमा पुनरावृत्ति र साहचर्यात्मक संसक्तता कायम भएको पाइन्छ । मानवीय शब्दहरूमा 'चन्द्रवदन', 'जुल्फीवाला', 'छोरी' र 'पति' कथामा निकै पुनरावृत्ति भएर आएका छन् । मानवीय शब्दमा बा, आमा, कालिका र उसको पति माइतका दाजु-भाउजू पनि आएका छन् तर यी मानवीय शब्दको पुनरावृत्ति सम्बन्ध भएको पाइँदैन । यी शब्दको प्रयोग कथामा चन्द्रवदनको पृष्ठभूमि, परिस्थिति र पूर्वधारणालाई जनाउन मात्र आएका छन् । कथामा प्राणीमा 'भमरा', र 'माकुरो' लाई जुल्फीवाला र दुलाहासँग साहचर्य गरी प्रतीकात्मक अर्थमा चन्द्रवदनको यौन कुण्ठालाई जनाउन प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै कथामा मानवीय सम्बन्धबोधक शब्दले मानवीय शब्दसँग सम्बद्धता कायम गरेको पाइन्छ । यस्ता मानवीय सम्बन्धबोधक शब्द यस प्रकार छन् :

पतिः दुलाहा, लोग्ने (पर्यायता)
पत्नीः दुलही, स्वास्नी (पर्यायता)
विवाहः बिहा, पति, पत्नी, विवाहित (पर्याय र साहचर्य)
प्रेमः माया (पर्यायता)
पतिः लोग्ने मानिस (साहचर्य)
पत्नीः स्वास्नी मानिस (साहचर्य)

कथामा विभिन्न आर्थी प्रकार्य गर्ने शब्दहरूको पुनःकथनात्मक सम्बद्धताले कथामा संसक्ति व्यवस्था

कायम भएको छ। कथामा नजिकका शब्दको पुनःकथन भन्दा पनि एउटै शब्दको पुनरावृत्तिको मात्रा ज्यादा पाइन्छ। यस कथामा मानवीय शब्दमा चन्द्रवदन र जुल्फीवालाको पुनरावृत्ति संसक्तताले यी दुई पात्रको मुख्य भूमिका कथामा प्रस्तुत भएको छ। त्यस्तै चन्द्रवदनले प्रयोग गरेको 'स्वास्नी' र 'दुलही' आशय केन्द्रित शब्द बनेका छन्; जस्तै :

(क) त्यसले बिहा गरेकै होला, त्यसकी मजस्तै दुलही पनि होली (अनु.५)।

(ख) म त्यसकी स्वास्नी भएकी भए (अनु.५)।

(ग) म त्यसकी दुलही भए (अनु.७)।

कथामा स्वास्नी र दुलहीको अध्यारोपण यौनसँग गरिएको छ। विवाह, दुलाहा, स्वास्नी, माया जस्ता यौनको साहचर्यमा प्रयुक्त हुने शब्दले कथाको सन्दर्भमा यौनगत विषय सङ्केतित हुन्छ। कथामा चन्द्रवदनको लोग्ने वा पति रिसाहा हुनु र लोग्नेले माया नगर्नुले चन्द्रवदन लोग्नेमान्छे वा जुल्फीवालातर्फ आकर्षित भएकी छ किनभने जुन कुराको अपेक्षा लोग्नेबाट उसले गरेकी छ त्यो कुरा लोग्नेबाट प्राप्त गर्न उसले सकेकी छैन। उन्नाइस वर्षीय युवती चन्द्रवदनले आफ्ना अतृप्तिको समन जुल्फीवालाबाट गर्न चाहेको कुरा शब्दसाहचर्यबाट प्रस्ट भएको छ। कथामा परिवेशबोधक शब्दमध्ये सबैभन्दा बढी 'दिन', 'बारदली' र 'कोठा' को पुनरावृत्ति भएको छ। बारदली चन्द्रवदनको कोठा बाहिरको खुला स्थान हो र जहाँबाट उसले बाहिरी दुनियाँ चहार्न सक्छे वा चाहनालाई पूरा गर्ने सङ्केतक पनि हो। पतिको प्रेमबाट असन्तुष्ट भएकी चन्द्रवदनको अन्य पुरुषलाई नियाल्ने स्थान (मनोजगत) का अर्थमा बारदलीमा आशय केन्द्रित गरिएको छ। त्यस्तै कथामा कार्यबोधक शब्दको पनि पुनरावृत्ति र साहचर्यात्मक संसक्तता पाउन सकिन्छ; जस्तै :

तरकारी काट्नु, भात पकाउनु, भाँडा माझ्नु (साहचर्य)
'हाइहाइ', अल्छी लाग्नु, जाँगर नहुनु (निकट पर्याय)
दृष्टि दिनु, हेर्नु (पर्याय)

उल्लिखित शब्दका साथै बत्ती काल्नु, सोच्नु, सुख दिनु, माया गर्नु आदि क्रियात्मक शब्दको पटक पटक कथामा आवृत्ति भएको पाइन्छ। यस्ता क्रियात्मक व्यवहारमा आउने शब्दको आवृत्ति शृङ्खलाले चन्द्रवदनको आशय र वृत्ति प्रकट भएको पाइन्छ। त्यस्तै परिवारमा लोग्ने, पति, छोरी र माइतीमा बा-आमा, दाजु भाउजू समाविष्ट हुने शब्द हुन्। महिनामा वैशाख, जाडो, गर्मीको समावेश भएको पाइन्छ। फेरि तिनै समाविष्ट हुने शब्दका बिचमा साहचर्यात्मक सम्बन्ध पनि कायम भएको पाइन्छ। यसरी कथामा मानवीय र अमानवीय, मूर्त र अमूर्त, परिवेशबोधक र क्रियात्मक शब्दको पुनरावृत्ति र साहचर्यात्मक संसक्तता देखिन्छ। कोशीय संसक्तिले कथामा पात्र, परिवेश, घटना तथा क्रियाव्यापारलाई कोशीय तहमा संसक्तता प्रदान गरेको पाइन्छ र यसले कथामा पात्रको मानसिक द्वन्द्व प्रदर्शन भएको देखिन्छ।

## ४. निष्कर्ष

'चन्द्रवदन' कथा कोइरालाद्वारा नेपाली भाषामा लेखिएको पहिलो कथा हो र नेपाली साहित्यको पनि फ्रायडीय मनोविश्लेषणमा आधारित पहिलो कथा हो । व्यक्तिकेन्द्री कथा भएकाले यस कथामा व्यक्तिवाचक, दर्शक र तुलनाबोधक निदर्शनले कथाका प्रत्येक खण्डलाई आपसमा अन्तर्सम्बन्धित गरेको पाइन्छ । यस्ता निदर्शनको प्रयोगबाट व्यक्ति, वस्तु र तथ्यका बिचमा सम्बन्धन कायम गरी कथाको अनुक्रम तयार भएको छ । पूर्वनिदर्शन र बाह्य निदर्शनबाट कथामा पूर्व धारणाको विकास भई पाठपरक अर्थको निर्धारण भएको पाइन्छ । साथै कथामा विरुद्धार्थक र अधियोगी संयोजनको प्रयोग गरी उपवाक्यात्मक तहमा पूर्वकथनको आशयको व्यतिरेक र अधियोग स्थापना पनि गरिएको छ । पात्रको विरोधी मानसिकताको प्रदर्शन गरिएको हुनाले कथामा विरुद्धार्थक संयोजनको ज्यादा प्रयोग गरिएको छ । यस कथामा मानवबोधक शब्दमा चन्द्रवदन र जुल्फीवालाको साहचर्यात्मक र पुनःकथनात्मक संसक्तता पाइन्छ । त्यस्तै तथ्यबोधक शब्द र प्रक्रियापरक शब्दको पुनःकथन र साहचर्यले चन्द्रवदनको अतृप्तिजन्य मनोदशाका कारणबाट ऊ परपुरुषतर्फ आकर्षित भएको अर्थ कथाको सन्दर्भले व्युत्पादन गरेको छ । व्याकरणिक र कोशीय संसक्तिगत बन्धनबाट कथाको कार्यकारण सम्बन्धमा आधारित अनुक्रमको सङ्गठन र मुख्य पात्रको तनावपूर्ण अवस्थाको चित्रण भएको पाइनुका साथै कथाको प्रतिज्ञप्तिपरक विकासबाट वा संसक्तिगत बन्धनबाट यस कथाको संयुक्तिको आधार पनि निर्माण भएको पाइन्छ । प्रतिज्ञप्तिपरक र आशयपरक विकासलाई हेर्दा कोइरालाको यो कथा रेखीय ढाँचामा नै आबद्ध छ ।

कथामा सम्बोधक अर्थात् कथाकारद्वारा आफ्नो विचार तथा दृष्टिकोणलाई संस्कृति र समाजसापेक्ष प्रस्तुत गरिएको पाइन्छ र कथामा सांस्कृतिक र सामाजिक संरचनाले सहभागीको तहगत सम्बन्ध निर्धारित हुनुका साथै त्यसले भाषिक तथा अभाषिक व्यवहार वा कथन र अकथन क्रियामा प्रभाव पारेको देखिनुका साथै कथाकार वा सम्बोधकको पूर्वज्ञानात्मक सन्दर्भका आधारमा कथामा सहभागीका माध्यमबाट विचार वा दृष्टिकोणलाई पाठको सन्देश वा सारका रूपमा सम्प्रेषण गरिएको पाइन्छ । यस कथामा मानवलाई न त ईश्वरका रूपमा हेरिएको छ न त पशुका रूपमा नै हेरिएको छ, यसमा मान्छेलाई निश्चित जैविकीय चाहना भएको मान्छेका रूपमा नै हेरिएको छ । नेपाली साहित्यमा मानवीय अन्तर्मनको खोजीको थालनी गरिएको यस कथामा कथाकारले नेपाली सामाजिक र सांस्कृतिक सन्दर्भमा एउटी कुण्ठाग्रस्त र अतृप्त युवतीको मनोदशाको उद्घाटन गरेका छन् । "पुरुष सरल हुन्छ र नारी जटिल हुन्छे" भन्ने कथाकारको दृष्टिकोणअनुसार नै नारीको भूमिकालाई यस कथात्मक सङ्कथनमा महत्त्व दिइएको हुनाले यो कथा चरित्रकेन्द्री कथा बनेको छ । चन्द्रवदनको दिन कठिनले बित्नुको कारणलाई पात्रकै क्रियाव्यापार र भाषिक व्यवहारबाट पहिल्याई कामातुर नारी पात्रको मनोदशाको अवलोकन यस कथामा गरिएको छ । साथै कथाकारद्वारा यस कथामा समाजले पर्दापछि राखेको र घृणा गर्ने यौनको विषयलाई निकै शिष्ट, सौम्य र कलात्मक

भाषाशैलीमा प्रस्तुत गरिएको छ । चेखव, मोपाँसा आदिका कथा जस्तै सीमित संरचनात्मक एकाइबाट निर्मित भएको यस कथाबाट नै नेपाली कथाका क्षेत्रमा सर्व प्रथम पाश्चात्य आधुनिक चेतनाले प्रवेश पाएको हो । अस्पष्ट निदर्शन, अत्यधिक र अनावश्यक विलोप अनि एकालापीय ढाँचा तथा निकै झिनो विषयवस्तुले गर्दा कोइरालाको पहिलो कथा यसपछिका उनका अन्य कथाहरूका तुलनामा केही खुकुलो देखिन्छ तापनि आदर्श र नैतिकताका ढोङ्गलाई त्यागेर पूर्णतः यथार्थवादलाई अँगाल्दै नवीन शैलीशिल्पमा लेखिएको पहिलो आधुनिक नेपाली कथा 'चन्द्रवदन' नै हो ।

**सन्दर्भ सामग्रीसूची**


अब्राम्स, एम.एच. (२००५), *अ ग्लोसरी अफ लिटरेरी टर्मस्,* आठौँ संस्क. यु.के अस्ट्रेलिया, यु.एस.ए., सिङ्गापुर : थम्सन वाड्सवर्थ ।

कोइराला, विश्वेश्वर प्रसाद (वि.सं.२०२५), *दोषी चस्मा,* चौथो संस्क, काठमाडौँ : प्रतिनिधि साहित्य प्रकाशन ।

ब्राउन, गिलियन र युले, जर्ज (१९८३), *डिस्कोर्स एनलाइसिस,* क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

लक, टेरी (२००४), *क्रिटिकल डिस्कोर्स एनालाइसिस,* लण्डन र न्युयोर्कः कन्टिनम ।

लेवोव, विलियम (१९७२), *ल्याङ्ग्वेज इन द इनर सिटी : स्टडिज इन द ब्ल्याक इङ्गलिस भर्नाकुलर,* पेन्सलभानिया : फिलाडेल्फिया युनिभर्सिटी अफ पेन्सलभानिया प्रेस ।

शर्मा, मोहनराज (वि.सं. २०६६), *आधुनिक तथा उत्तर आधुनिक पाठक मैत्री समालोचना,* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

शर्मा, हरिप्रसाद (वि.सं.२०५०), सम्पा. *विश्वेश्वर प्रसाद कोइरालाका कथा,* काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (वि.सं.२०५३), 'चन्द्रवदन कथाको वस्तु–विश्लेषण' *विश्वेश्वर प्रसाद कोइराला : समालोचना र विचारमा,* सम्पा. जीवन चन्द्र कोइराला, काठमाडौँ : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

ह्यालिडे, एम.ए.के र रुकैया, हसन (१९७६), *कोहेजन इन इङ्गलिस,* लण्डन : लङ्गमेन ।

ह्यालिडे, एम.ए.के र रुकैया, हसन (१९९१), *ल्याङ्ग्वेज कन्टेक्स्ट एण्ड टेक्स्ट् : एस्पेक्ट्स अफ ल्याङ्ग्वेज इन अ सोसियल सिमियोटिक पर्सपेक्टिभ,* दोस्रो संस्क. अक्सफोर्ड : अक्सफोर्ड युनिभर्सिटी प्रेस .